कार्यालयः
बाँसबारी काठमाडौं, नेपाल
पो.ब.नं.: १३८९०

# नेपाल मेडिकल काउन्सिल

(नेपाल मेडिकल काउन्सिल ऐन २०२० अन्तर्गत स्थापित)

# Nepal Medical Council

(Under Nepal Medical Council Act 1964)
BANSBARI, KATHMANDU, NEPAL

Post Box No.: 13890
Tel: 0977-01-4377164/4371954
Fax: 0977-01-4372318
E-mail: nmc@nmc.org.np
website: www.nmc.org.np


## नेपाल मेडिकल काउन्सिलको दर्ता प्रमाणपत्र परीक्षा सम्बन्धी सूचना !

मिति २०७६ चैत्र ८ गते लिने भनिएको तर स्थगित भएको दर्ता प्रमाणपत्र परीक्षा २०७७ भाद्र ७ गतेदेखि १० गतेसम्म निम्नानुसार सञ्चालन हुने व्यहोरा सम्बन्धित सबैलाई जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**परीक्षा हुने मिति**

२०७७ भाद्र ७ गते बीडीएस रोल नं. २००३१०००१ देखि २००३१०२६७ सम्म
२०७७ भाद्र ८ गते एमबीबीएस रोल नं. २००३२०००१ देखि २००३२०२६५ सम्म
२०७७ भाद्र ९ गते एमबीबीएस रोल नं. २००३२०२६६ देखि २००३२०५३० सम्म
२०७७ भाद्र १० गते एमबीबीएस रोल नं. २००३२०५३१ देखि २००३२०७९३ सम्म

**परीक्षा हुने स्थान** : इञ्जिनियरिङ्ग अध्ययन संस्थान, पुल्चोक क्याम्पस, सूचना प्रविधि भवन, पुल्चोक, ललितपुर ।

**समय** : बिहान ११:०० बजे देखि दिउँसो २:०० बजे सम्म

परीक्षासंग सम्वन्धित अन्य जानकारीहरु :

१. परीक्षामा **सहभागी हुने परीक्षार्थीले मात्र** आफू यस परीक्षामा सहभागी हुने यकिन गराउन मिति २०७७ श्रावण १८ गतेदेखि श्रावण २३ गतेसम्म अनलाईन फाराम भर्दा राखेको फोटोको सक्कलै फोटो टाँसी तोकेको स्थानमा दस्तखत (दुबै फोटोमा पर्ने गरी समेत) र प्रष्ट रेखा देखिने औंठा छाप लगाई तयारभएको प्रवेशपत्रको प्रतिलिपी exam@nmc.org.np मा पठाउनु पर्नेछ । यो पटकको परीक्षामा सहभागी हुन नसक्ने परीक्षार्थीले सोही प्रवेशपत्र प्रयोग गरी अर्को पटकको दर्ता प्रमाणपत्र परीक्षामा सहभागी हुन पाउनेछ ।
२. परीक्षामा सहभागी हुने जानकारी गराएका तर परीक्षामा सहभागी नभएका परीक्षार्थीहरूले अर्को पटकको दर्ता प्रमाणपत्र परीक्षामा सहभागीता जनाउनका लागि नियामानुसारको नयाँ आवेदन तथा परीक्षा शुल्क तिर्नु पर्नेछ ।
३. १००.४ डिग्री फरेनहाईट भन्दा माथि तापक्रम भएको व्यक्तिलाई परीक्षा केन्द्रभित्र प्रवेश गराईने छैन ।
५. परीक्षार्थीहरु एवं परीक्षासँग सम्बन्धित सबै महानुभावहरू बिच दुई मीटरको सामाजिक दूरी, हातको सरसफाई र मास्कको प्रयोग अनिवार्य हुनेछ ।
६. कोभिड-१९ को महामारीका रोकथामका लागि अपनाईने स्वास्थ्य सम्बन्धी सम्पूर्ण प्रोटोकलहरूको सबैले पालना गर्नु पर्नेछ ।

परीक्षा सम्बन्धी थप जानकारीहरु काउन्सिलको वेवसाईटमा हेर्नहुन अनुरोध गरिन्छ ।

NEPAL MEDICAL COUNCIL 1964

## परीक्षा सम्बन्धि नियमहरू

- नेपाल मेडिकल काउन्सिलले कम्प्युटरमा आधारित दर्ता प्रमाणपत्र परीक्षा सञ्चालन गर्नेछ ।
- परीक्षामा सहभागि हुनचाहने परीक्षार्थीहरूले २०७७ श्रावण १८ गते देखि २०७७ श्रावण २३ गते सम्ममा प्रवेशपत्रको प्रतिलिपी exam@nmc.org.np मा पठाउनु पर्नेछ ।
- अनलाईन फाराम भर्दा राखेको फोटोको सक्कलै फोटो टाँसी तोकेको स्थानमा दस्तखत (दुबै फोटोमा पर्ने गरी समेत) र प्रष्ट रेखा देखिने औंठा छाप लगाई प्रवेशपत्र तयार पार्नु पर्दछ । फोटो नटाँसेको, औंठाछाप नलगाएको र तोकेको स्थानमा दस्तखत नगरेको प्रवेशपत्र मान्य हुनेछैन ।
- परीक्षा दिन आउँदा प्रवेशपत्रका साथ आफ्नो परिचय खुल्ने कुनै एक परिचयपत्र जस्तै: नागरिकता वा पासपोर्ट वा सवारी चालक प्रमाणपत्र वा सरकारी निकायबाट जारी गरिएको कुनै परिचयपत्र ल्याउनु पर्नेछ ।
- परीक्षा सुरु हुनु अगाडि परीक्षार्थीको प्रवेशपत्र, फोटो, दस्तखत, औंठाछाप, शरीर, आदि जाँच हुने भएकाले परीक्षा हुने समय भन्दा करिव २ घण्टा अगावै परीक्षा केन्द्रमा प्रवेश गर्नु वाञ्छनीय छ । परीक्षा सुरु भएको १५ मिनेट पछि परीक्षा हलमा प्रवेश दिइने छैन । परीक्षा छुटेका परीक्षार्थीको परीक्षा शुल्क फिर्ता हुने छैन ।
- प्रवेशपत्र रुजु र सुरक्षा जाँच भएपछि परीक्षार्थीले आफूलाई परीक्षा दिन तोकिएको स्थानमा गई बस्नुपर्नेछ ।
- परीक्षाको समय ३ घण्टा, पूर्णाङ्क १८० र उत्तिर्णाङ्क ९० हुनेछ । परीक्षार्थीले परीक्षा सकिने बित्तिकै परीक्षाकेन्द्र छाडीहाल्नु पर्नेछ ।
- जम्मा सोधिने १८० वटा प्रश्नहरु मध्ये एक-एक अङ्क भारका १३० र पाँच-पाँच अङ्क भारका १० (जम्मा ५०) प्रश्नहरु हुनेछन् ।
- परीक्षा हलमा सम्बन्धित परीक्षार्थीको नाम, जन्म मिति, रोल नं. र कम्प्युटर नं. तोकिएको स्थानमा बसी परीक्षार्थीको नाम र दिईएको पासवर्ड प्रविष्ट गरेपछि परीक्षा सम्बन्धी निर्देशिका सहित प्रश्नपत्रहरु देखिनेछन् ।
- कम्प्युटर मनिटरमा परीक्षार्थीको फोटो, रोल नं., परीक्षाको समय, उत्तर दिएको संख्या, उत्तर दिन बाँकी संख्या निरन्तर देखिनेछ ।
- हरेक प्रश्नका चार उत्तरहरु हुनेछन् । त्यसमध्ये उपयुक्त एक उत्तरमा चिन्ह लगाउनु पर्नेछ । कुनै एक उत्तरमा चिन्ह लगाएको चित्त नबुझेमा उत्तर परिवर्तन गर्न पाईनेछ । नमिलेको उत्तरको नकारात्मक अंक हुनेछैन ।
- परीक्षा सकिएपछि प्रश्नपत्र र उत्तर प्रविप्ट गर्न सकिनेछ । यदि कुनै प्रश्नको उत्तर दिन छुट भएको रहेछ भने सो कुराको जानकारी मनिटरमा देखिने छ र पून: उत्तर दिन सकिनेछ ।
- कुनै कारणबस कम्प्युटर बन्द भएमा वा काम नगरेमा अर्को कम्प्युटरको व्यवस्था गरिनेछ । प्राविधिक कारणले नोक्सानी हुनगएको समय थप गरिनेछ ।
- परीक्षा केन्द्र इन्जिनियरिङ्ग अध्ययन संस्थान, पुल्चोक क्याम्पस, कम्प्युटर भवनमा हुनेछ । परीक्षा मिति र समय सूचित गरेबमोजिम हुनेछ ।
- परीक्षाको नतिजा तोकिएको विपय र तहको सबै परीक्षाहरु सकिएपछि हुनेछ । परीक्षाको नतिजामा चित्त नबुझेमा पुन:योगका लागि सात दिन भित्र आवेदन गर्न सकिनेछ । सो को नतिजा अर्को सात दिन भित्र दिईनेछ ।

NEPAL MEDICAL COUNCIL 1964

- परीक्षा सुरु भएको एक घण्टा पछि परीक्षा हल र दुई घण्टापछि परीक्षा केन्द्र परिसर छाड्न सकिनेछ ।
- परीक्षा हलमा मोवाइल फोन, क्याल्कुलेटर, घडी (कुनैपनि प्रकारको) लगायत सबै प्रकारका इलेक्ट्रोनिक सामानहरु तथा गरगहना ल्याउन र लगाउन प्रतिवन्ध गरिएको छ ।
- परीक्षा हलमा चीट चोर्न, कुराकानी गर्ने, यताउति हेर्न, ईशारा गर्ने, साउति मार्ने लगायतका अवाञ्छित गतिविधि गर्न मनाही गरिएको छ ।
- माथि उल्लेखित निर्देशन विपरित कार्य गर्ने परीक्षार्थीलाई तोकिए बमोजिमको कानूनी कारवाही गरिनेछ ।
- परीक्षा सम्बन्धी सर्वमान्य नियम तथा मर्यादा पालना गर्नु सबै परीक्षार्थीको कर्तव्य हुनेछ ।
- काबुबाहिरको अवस्थामा परीक्षा समय हेरफेर हुनसक्नेछ ।
- अन्य थप जानकारीका लागि कार्यालय समयमा फोन नं. ९८५१२०६१९६ मा प्रदिप रिजालसंग सम्पर्क गर्न सकिने छ ।

..................